
के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्नें छ । १00% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १५१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० जेठ ३१ गते बुधबार ❑ 14 Jun 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## फेवातालको सिंसार क्षेत्रमा चल्यो डोजर

**पोखरापत्र संवाददाता**
पोखरा, ३० जेठ

ढिलै भए पनि अन्ततः पोखराको फेवातालको सिंसार क्षेत्रमा चल्यो डोजर । पोखराको सिंसार क्षेत्रमा अनधिकृत रुपमा निर्माण भएका भौतिक संरचना भत्काउन मंगलबार देखि डोजर चलाइएको छ ।

फेवातालको माथिल्लो भाग सिंसार क्षेत्रमा हाल धमाधम निर्माण हुदै गरेका प्लटिङहरुको भौतिक संरचनाहरु पोखरा महानगरले डोजर लगायर भत्काउन सुरु गरेको हो । केही महिनादेखि सिंसार क्षेत्रमा स्थायी रुपमा निर्माण गर्ने गरी भौतिक संरचना निर्माण प्रकृया अघि बढाएकोले त्यसलाई नियन्त्रण गर्न मंगलबार देखि डोजरको सहायताले निर्माण भएका प्लटिङहरु भत्काइएको पोखराका मेयर धनराज आचार्यले बताए ।

मेयर आचार्यले सिंसार क्षेत्र पुरिएको बिषयमा भने पछि विज्ञहरुसंगको राय सल्लाह अनुसार आवश्यक कार्वाही अघि बढाउने बताए । युवा व्यवसायी



युवराज खतिवडाले करिब ५ सय रोपनी जग्गालाई कृषियोग्य जमिन बनाउने भन्दै स्थानीयको जमिनमा माटो पूर्दै आएका छन् । सिंसार क्षेत्रमा अर्को युवा व्यवसायी देवेन्द्र केसीले पहिल्यै पिच सहितको प्लटिङ गरिसकेका छन् । पोखरा महानगरले भू-उपयोग नीति २०७९ अनुसार जग्गा वर्गीकरण गर्दा फेवा सिमसार क्षेत्रको अधिकांश भाग आवासीय क्षेत्र तोकेकोले आफुले आवास क्षेत्र बनाउन पाउनु पर्छ भन्दै स्थानियले केही दिन पोखरा महानगरपालिका कार्यालयमा धर्ना समेत दिएका थिए ।

महानगरले सिमसार क्षेत्र उल्लेख नगर्दा धमाधम सिमसार पुर्ने काम भएको स्थानियले देविलाल लामिछानेले बताए । पोखरा २३ मा पर्ने फेवातालको भाग मरुवा, विर्ता लगायतको क्षेत्रमा सयौं रोपनी सिंसार क्षेत्र पुर्दै प्लटिङ गर्न सुरु भएको छ । पोखरा महानगरपालिकाले कोहीलाई सो क्षेत्रमा जग्गा पुर्दा केही नगर्ने केहीलाई पुर्न नदिने गरेको स्थानिय एक जग्गा धनि लामिछानेले बताए । उनले भने "मेरो जग्गा तालको माथिल्लो भागमा रहेको छ, मेरो जग्गा वरीपरि सबैले माटो हालेर करिब ५ फिट माथि उकासेको अबस्था छ अब मेरो जग्गा खाल्टोमा र सिधै डुवानमा पर्ने भयो, अब अरुले पुर्न पाउने अब मैले किन नपाउने ।" मान बहादुर जिसीका पाला देखि पोखराको फेवाताल माथि अतिक्रमण र तालको सिंसार क्षेत्रमा माटो तथा ढुंगा पुर्ने काम थालनी भएसंगै पछिल्लो क्रममा त्यसको प्रभाव बढेको छ ।

नेकपा एमालेका मेयर बन्दा फेवातालमा जति आक्रमण र सिंसार क्षेत्रमा पुर्ने र आवासिय क्षेत्र बनाउने कार्य भयो त्यसको तुलनामा हिजोआज रातारात फेवाताल अतिक्रमणसंगै तालको सिंसार क्षेत्रमा दलदल भाग पुर्ने काम भएको स्थानियले गुनासो गरेका छन् । ढिलै भए पनि पोखराका मेयर आचार्यले सिंसार क्षेत्रमा भौतिक संरचना बनाउने बिरुद्ध डोजर चलाए पनि अब पुरिएको सिंसार क्षेत्र के गर्लान भनेर पोखरेलीले प्रश्न गर्न थालेका छन् ।

## सेती नदीको वैज्ञानिक सिमाङ्कन गर्न माग

**पोखरापत्र संवाददाता**
पोखरा, ३० जेठ

माछापुच्छ्रे र अन्नपूर्ण हिमालको काखबाट उत्पत्ति भएर पोखराको मध्यभाग भएर बग्ने सेती नदीको वैज्ञानिक सिमाङ्कनको माग गरिएको छ ।

नदीको सिमाङ्कन नहुँदा नदी दोहन बढेको भन्दै सेती नदी संरक्षण अभियानले स्थानीय सरकारको ध्यानाकर्षण गराएको हो । सेती नदीको संरक्षणको काम गर्ने उद्देश्यसहित हालै जिल्ला प्रशासन कार्यालय कास्कीमा सेती नदी संरक्षण अभियान नामको सामाजिक संस्था दर्ता गरिएको छ ।

सेतीमा वर्षौंदेखि हुँदै आएको ढुङ्गा, बालुवा, गिट्टीको दोहन र नदी किनारामा बढ्दै गइरहेको मानव बस्तीका कारण नदीको प्राकृतिक बहावमा परिवर्तन हुँदा ठूलो भौतिक संरचनामा क्षति पुगेको छ । कति क्षेत्रभित्र उत्खनन गर्ने भन्ने निश्चित नभएकाले जथाभावी र मनपरी तरिकाले दोहन बढेपछि नदीको सिमाङ्कन माग गरिएको हो । नदी गहिरिँदै गएको र नदीको बहावको तीव्रता बढेका कारण वर्षात्मा आसपासका निजी र सार्वजनिक जमिनको क्षयीकरण हुँदा करोडौँको लागतमा बनेका पुल, अन्तिम संस्कार गरिने घाटसमेत क्षतिग्रस्त भएको सेती नदी संरक्षण अभियानका अध्यक्ष हेमराज पौडेलले बताउनुभयो । उहाँले भन्नुभयो, "धार्मिक आस्थाका स्थानसमेत जोखिममा रहेको र बढ्दो मानव क्रियायाकलापका कारण नदीको जल ढलमा परिणत भइरहेको छ । यस्तो दुर्दशा न्यूनीकरणको उद्देश्यले सेती आसपासमा बसोबास गर्ने जनसमुदायको अगुवाइमा सेती नदी संरक्षण अभियान सामाजिक संस्था दर्ता गरेका छौँ ।"

संस्थाले मुलतः सेती नदीको वैज्ञानिक सिमाङ्कन, नदीलाई प्राकृतिक अवस्थामा बग्न दिई थप क्षति हुन नदिन संरक्षणमुखी ठोस कार्य गर्न ल्याउन तीनै तहका सरकारसँग मागसमेत गरेको छ । नदीमा भइरहेको फोहरको व्यवस्थापन गर्न जनचेतनालगायतका समुदायस्तरबाट सरसफाइ कार्यको संयोजन, सांस्कृतिक, धार्मिक आस्थाका स्थलको संरक्षण तथा नदीलाई सौन्दर्यकरण गर्न सरोकारवालालाई उत्प्रेरित गर्ने खालका कार्यक्रम सञ्चालन गरिने अभियानले जनाएको छ ।

सेती नदी संरक्षण अभियानका पदाधिकारीले नदी संरक्षणका कार्यक्रम ल्याउन सोमबार पोखरा महानगर प्रमुख धनराज आचार्यसमक्ष माग गरेका छन् । प्रमुख आचार्यलाई महानगरमा भेट गरी उनीहरूले संरक्षणका लागि आग्रह गरेका हुन् ।

महानगरको आगामी वर्षको बजेट तथा कार्यक्रममा सेती सिमाङ्कन सेती नदीको प्राकृतिक बहावलाई कायम गर्न बिनाविलम्ब चाल्नुपर्ने कदम, नदी सरसफाइ र स्वच्छता कायम गर्ने गरी कार्यक्रम सञ्चालन गर्न माग गरेका हुन् ।

महानगरले नदीको सौन्दर्यकरण र पर्यटन प्रवर्द्धन गर्न सकिने सम्भावनाको खोजी गर्नुपर्नेमा जोड दिइएको छ । "संरक्षणका ठोस काम नगरी भविष्यमा कुनै पनि हालतमा दोहनरुपी उत्खनन गर्ने काम दोहोरिने छैन भन्ने अपेक्षा महानगरसँग गरेका छौँ", अध्यक्ष पौडेलले भन्नुभयो, "महानगरले चाल्ने संरक्षणका ठोस तथा सकारात्मक क्रियाकलापमा अभियानको साथ र सहयोग रहने प्रतिबद्धता महानगरसमक्ष गरेका छौँ ।"

## गण्डकीमा गाँजाखेतीको सम्भाव्यता अध्ययन गरिने

**पोखरापत्र संवाददाता**
पोखरा, ३० जेठ

गण्डकी प्रदेश सरकारले गाँजाखेतीको सम्भाव्यता अध्ययन गर्ने भएको छ ।

गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रममा औषधिजन्य तथा उद्योगजन्य कच्चापदार्थ उत्पादन प्रयोजनका लागि गाँजाखेतीको सम्भाव्यता अध्ययन गरी आवश्यक कानुनी व्यवस्था गरिने उल्लेख छ ।

सरकारले भाँगो, टुसा, निउरो, सिन्की, बाँको, टिमुर, सिस्नो, सिलाम र उच्च पहाडी तथा हिमाली भेगमा हुने आलु, उवा, कोदो, काउनो, फापर, जौ लगायतका उत्पादनलाई ब्राण्डिङ तथा बजारीकरणमा प्रोत्साहन गरिने नीति लिएको छ । भूमिको उत्पादनशीलता अभिवृद्धि गर्न जग्गाको वर्गीकरण, चक्लाबन्दी, यान्त्रिकीकरण, व्यवसायीकरणमा जोड दिइने उल्लेख गर्दै नीति तथा कार्यक्रममा उत्पादनको दिगोपना र निरन्तरताको लागि उत्पादनसँग अनुदानको आबद्धता कायम गर्दै लगिने भनिएको छ । 'एक निर्वाचन क्षेत्र-एक प्रविधिमैत्री स्मार्ट कृषि फर्म'को अवधारणा विकास गरी आवश्यक पूर्वाधारसहित सामूहिक कृषि विकास कार्यक्रम सञ्चालन गरिने सरकारको योजना छ । प्रदेशस्थित अनुसन्धानका निकायसँगको समन्वयमा कृषि क्षेत्रको टड्कारो समस्याका रूपमा रहेका विषयमा कार्यात्मक अनुसन्धान गरी समाधानका उपाय पहिचान तथा प्रसार गरिने जनाइएको छ ।

स्थानीयस्तरमा कृषि उपज उत्पादन गरी चिस्यान केन्द्रमा भण्डारण गर्ने किसानलाई निश्चित मापदण्डका आधारमा भण्डारण शुल्कमा सहुलियत प्रदान गर्ने व्यवस्था मिलाउने नीति तथा कार्यक्रममा उल्लेख छ ।

प्रदेशमा उत्पादित कृषि उपजको बेचविखनमा संलग्न व्यवसायीलाई प्रोत्साहन गरिने भन्दै सरकारले उत्पादित कृषि उपजको बजारीकरण तथा ढुवानी व्यवस्थापनका लागि स्थानीय तहसँग आवश्यक समन्वय गर्ने नीति लिइने जनाएको छ ।

## कानुन कार्यान्वयन र गुणस्तरीय सेवामा जोड

**पोखरापत्र संवाददाता**
पोखरा, ३० जेठ

नेपाल दूरसञ्चार प्राधिकरणको आयोजनामा पोखरामा मंगलबार आयोजित कार्यक्रममा दूरसञ्चार सम्बद्ध कानुनको प्रभावकारी कार्यान्वयन र सेवाको गुणस्तरीयतामा जोड दिइएको छ ।

दूरसञ्चार सेवा सम्बन्धित कानुन र समग्र दूरसञ्चार सेवाको वर्तमान अवस्थाबारे सेवा प्रदायक र सरोकारवालाबीच गरिएको छलफलमा वक्ताहरूले बनेका कानुनको प्रभावकारी कार्यान्वयन एवम् नियमनसँगै सेवा प्रदायक पनि सेवाको गुणस्तरीयता अभिवृद्धिमा लाग्नुपर्ने बताउनुभयो । गण्डकी प्रदेशका प्रमुख सचिव रविलाल

बाँकी अन्तिम पृष्ठमा ▶▶

## घर घाडामा ५० प्रतिशत छुट दिन आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, ३० जेठ

कास्कीमा घर भाडामा ५० प्रतिशतसम्म छुट दिन माग गरिएको छ ।

नेपाल राष्ट्रिय घर भाडा सरोकार समिति कास्कीले मंगलबार पोखरामा आयोजना गरेको पत्रकार सम्मेलन मार्फत देशको विसम परिस्थितीमा बाचौं र बचाऔं भन्ने मुल नाराका साथ घर धनिहरु समक्ष घर भाडामा २५ देखि ५० प्रतिशतसम्म बिषेश छुट दिन आग्रह गरेको हो ।


देशको विसम परिस्थितीमा घर घाडामा बिषेश छुट दियर भए पनि व्यवसायीहरुलाई बचाउनु पर्ने समय आएको समितिका अध्यक्ष कमल प्रसाद न्यौपानेले बताउनु भयो । भूकम्प र त्यस लगतै आएको विश्व व्यापी महामारी कोभिड १९ ले गर्दा हाल विश्वकै अर्थतन्त्रमा आएको आर्थिक संकटले गर्दा विस्थापित हुन थालेका व्यवसायीहरुलाई बचाउनु पर्ने समय आएको उहाँको भनाई थियो । देशको




विसम परिस्थितीमा घर भाडामा छुट दिन अध्यक्ष न्यौपानेले घर धनिहरु समक्ष आग्रह गर्नु भएको छ । सम्झौता अनुसार भाडा बढ्ने बेला भएको भए पनि हाल नबढाउन आग्रह गर्दै अध्यक्ष न्यौपानेले घर बहाल कर घरधनी आफैले तिर्नु पर्नेमा जोड दिनु भयो । भाडा समयमै भुक्तानी गर्न नसके पनि व्यवसायीहरुलाई घर खाली गर्न बाध्य नपार्न समितिले प्रेस विज्ञप्ति मार्फत अनुरोध गरेको छ । परिस्थिति सहज नभएसम्म बाँचौं र बचाऔं भन्ने मुल मन्त्रलाई आत्मसात गरी सबैको हित हुने कर्म गर्न अध्यक्ष न्यौपानेले आव्हान गर्नु भयो । उहाँका अनुसार गण्डकी प्रदेशको राजधानि पोखरा सहित कास्कीमा करिब १५ देखि २० प्रतिशत जसो व्यवसायीहरु विस्थापित भएका छन् । २०७२ सालको भूकम्प र २०७७ सालको कोभिड १९ ले गर्दा विश्वमै आर्थिक संकट उत्पन्न भएकोले त्यसको मार नेपाल र कास्की समेत अछुतो नरहेको उहाँको भनाई छ ।

देशको विसम परिस्थितीमा केही घर धनीहरुले पेश्की नमाग्न समितिले आग्रह गरेको छ । समितिका निवर्तमान अध्यक्ष एवं पोखरा च्याम्बर अफ कमर्सका अध्यक्ष यामनाथ पौडेलले घर भाडाको कारण केही व्यवसायहरु अझै पलायन हुने अबस्था आएकोले त्यसलाई रोक्न पनि घर भाडामा केही छुट दिन आग्रह गर्नु भयो । देशका अधिकांश मुख्य बजार क्षेत्रमा हाल सटरहरु खाली भएको उहाँले बताउनु भयो । केही छुट सहित केही सहुलियत दरमा घर भाडामा दिन सकेको अबस्थामा व्यवसाय र घर धनि दुबैको जित हुने पौडेलले बताउनु भयो । समिति कास्कीका बरिष्ठ उपाध्यक्ष उमापति ढकालले देशमा हाल जटिल परि स्थिती सृजना भएकोले त्यसबाट बच्न र सबैलाई बचाउने समय आएको बताउनु भयो ।

पोखरा क्षेत्रका मुख्य चोक तथा बजार क्षेत्रमा पनि सटर खाली छ भनेर घर तथा भवन भाडामा लगाउन आव्हान गरिएको छ । केही व्यवसायीहरुले अध्याधिक घर भाडा दिएको कारण ठाँउ ठाँउमा घर भाडामा एकरुपता नभउको बताइन्छ । घर भाडामा मनोपली भएको र यसको नियमन स्थानिय निकायले गर्न नसक्दा करोडौं राजश्व समेत गुमेको समितिका महासचिव कृष्ण प्रसाद चापागाईले बताउनु भयो ।

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद,
पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी
कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# बडीबिल्डिङ खेलका दुई संघ, एक हुन आग्रह

पोखरापत्र संवाददाता
पोखरा, ३० जेठ

कास्कीमा नेप्लिज फेडेरेशन अफ बडीविल्डिङ एण्ड फिटनेश संघका दुई वटा समानान्तर संघ गठन भएसंगै यसमा बिबाद उत्पन्न भएको छ।

केही समय अघि बैभब पौडैलको नेतृत्वमा नेप्लिज फेडेरेशन अफ बडीविल्डिङ एण्ड फिटनेश संघ कास्की गठन भएसंगै त्यसको बिरोधमा हाल संघका बिबाद उत्पन्न भएको मंगलबार पोखरामा पत्रकार सम्मेलनमा जानकारी गराइएको हो। नेप्लिज फेडेरेशन अफ बडिविल्डङ एण्ड फिटनेश (एनएफबिएफ) ले आफुहरुलाई जानकारी नगराई गठन भएको कमिटिको बिरुद्ध आफुहरु अब अदालतसम्म जाने एनएफबीएफका केन्द्रिय उपाध्यक्ष एवं गण्डकी प्रदेश इन्चार्ज नुना गुरुङले बताउनु भयो । केन्द्रमा आफुहरुलाई जानकारी नै नगराई ७५ प्रतिशत जसो काठमाण्डौं केन्द्रमा एउटा गुटका व्यक्तिहरुलाई समितिमा समेटेको उहाँको



आरोप छ। आफुहरुलाई राष्ट्रिय खेलकुद परिषद (राखेप) ले गर्नुपर्ने सहयोग नगरेको उपाध्यक्ष नुनाले बताउनु भयो । आफ्नो खेल संघमा राजनीतिक करण भएको, माओबादी हाबी भएको राखेपले आफुहरुलाई सहयोग नगरेको उनले बताउनु भयो । आफ्नो अन्तर्राष्ट्रिय मान्यता र नेपाल ओलम्पिक मान्यता प्राप्त खेल भएसंगै पोखरामा कास्की जिल्लाले विगतका बर्ष देखि मिस्टर पोखरा गर्दै आएको कास्कीका उपाध्यक्ष विजय बहादुर भण्डारीले बताए। शारीरिक सुगठनका दुई खेल संघहरुलाई एक बनायर महासंघ बनाउने तयारी गर्दै गर्दा समिति चयन गर्दा विवाद आएका कारण समस्या उत्पन्न भएको उहाँले बताउनु भयो । राखेपले मिलाउनु पर्नेमा उल्टै राजिनिति गरेको उहाँको समेत आरोप छ।

जिल्ला र प्रदेश संघ गठन हुँदा समेत आफुहरुलाई कुनै पत्रचार नगरिएको उपाध्यक्ष नुनाले बताउनु भयो। अवैध रुपमा गठन भएको जिल्ला र प्रदेशको उक्त खेल संघलाई विगठन गर्न उहाँले माग गर्नु। संघका केन्द्रिय अध्यक्ष राजेश बाबु श्रेष्ठको नेतृत्व नयाँ कार्यसमिति गठन भएको छ भने यता प्रदेशमा शंकर उदाश, कास्कीमा वैभव पौडेलको नेतृत्वमा नयाँ कार्यसमिति चयन भएको बताइन्छ। यो समितिलाई आफुले मान्यता नदिने भन्दै उपाध्यक्ष नुना सहितको टोलीले बिरोध जनाउनु भएको हो।

यसैबिच, कास्कीमा रहेका दुई वटा नेप्लिज फेडेरेशन अफ बडीविल्डिङ एण्ड फिटनेश संघलाई जिल्ला खेलकुद विकास समितिले मान्यता नदिने भएको छ। एउटै खेलको दुई वटा खेल संघ हुने खेलकुदको कानूनमा नभएकोले गर्दा जहिलेसम्म एउटा खेल संघका पदाधिकारीहरु एक भई एउटै समिति गठन हुन सक्दैन तवसम्म जिल्ला खेलकुद विकास समिति कास्कीले कुनै मान्यता दिन नसक्ने समितिका कार्यालय प्रमुख डि.बी.नेपालीले बताउनु भयो ।

उहाँले भन्नु भयो "खेल संघहरु खेलकुदको विकास गर्ने गरी गठन हुने हो, अहिले जिल्ला गठन हुँदा न्यूनतम स्थानिय तहमा ३ वटा संघ गठन हुनुपर्छ, खेलकुदको विधि र प्रकृया नमिलाई गठन भएका खेल संघलाई हामीले कुनै पनि खेल गतिविधि गर्न दिदैनौं । " केही खेलसंघहरुमा अझै बिबाद भएकोले मिलेर आउन आफुहरुले आग्रह गरेको नेपालीले बताउनु भयो।

# मुग्लिन-पोखरा सडक : तनहुँ खण्डमा डेढ किमी कालोपत्र

पोखरापत्र संवाददाता
दमौली, ३० जेठ

मुग्लिन-पोखरा सडक विस्तार योजनाअन्तर्गत तनहुँ खण्डमा कालोपत्रको कामलाई तीव्रता दिइएको छ । चालु आर्थिक वर्षभित्रै सात किलोमिटर सडक कालोपत्र गर्ने लक्ष्यसहित जिल्लाको आँबुखैरेनी खण्डमा कालोपत्रको कामलाई गति दिइएको हो।

मुग्लिन-पोखरा सडक योजना (पूर्वी खण्ड) अन्तर्गत आँबुखैरेनी गाउँपालिका-१ बरादीमा डेढ किलोमिटर सडक कालोपत्र भएको इन्जिनियर विष्णुप्रसाद पाण्डेले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "बरादीबाट डुम्रेतर्फको भागमा कालोपत्रको काम भइरहेको छ, यो आवमा सात किलोमिटर खण्ड कालोपत्र गर्ने लक्ष्य हो।"

उहाँका अनुसार उक्त खण्डमा यसअघि कालोपत्रका लागि परीक्षण गरिएकामा परीक्षण सफल भएपछि अहिले कालोपत्र नै गरिएको हो। अहिले दुई लेनमा मात्रै सडक कालोपत्र गर्ने काम भइरहेको पाण्डेले बताउनुभयो । "सवारी साधनलाई आगमन सहज बनाउन एकातर्फमात्रै सडक कालोपत्र भइरहेको छ", उहाँले भन्नुभयो । वैशाखमै कालोपत्र गर्ने तयारी गरिए पनि प्राविधिक कारणवश ढिलाइ भएको उक्त खण्डका योजना प्रमुख नरेन्द्र सुवेदीले बताउनुभयो। उहाँले भन्नुभयो, "निर्माण कम्पनीका कारण केही ढिला गरी कालोपत्र सुरु भएको छ, असार १५ भित्रै सात किलोमिटर कालोपत्र गर्ने लक्ष्य हो ।" उहाँका अनुसार सिमसिम पानी पर्दा पनि कालोपत्र गर्दा केही फरक पर्दैन। पृथ्वीराजमार्गलाई चार लेनमा विस्तार गर्ने उद्देश्यसहित काम भइरहेको मुग्लिन-पोखरा सडक विस्तार आयोजनाको पूर्वी खण्डमा धमाधम काम भइरहेको छ। आँबुखैरेनीदेखि जामुनेसम्मको खण्डमा काम तीव्र गतिमा अगाडि बढेको सुवेदीको भनाइ छ। पूर्वी खण्डमा सडक फराकिलो बनाउने, पक्की पुल तथा कल्भर्ट निर्माणको कामले पनि गति लिएको छ।

जामुनेदेखि पोखरासम्मको पश्चिमखण्डको कामको गति भने सुस्त छ । निर्माण कम्पनीका कारणका यो खण्डमा काम सुस्त रहेको बताइएको छ । राजमार्ग विस्तारका लागि पूर्वी खण्डमा घरटहरा हटाउने काम चलिरहेको छ। यो खण्डमा छ सय ३१ घरटहरा भत्काइनेछ । त्यसका लागि रु २२ करोड ४५ लाख मुआब्जा वितरण गरिनेछ । इन्जिनियर पाण्डेका अनुसार घरटहरा भत्काउन ८३ जनालाई पहिलो किस्ता बापतको रकम भुक्तानी गरिएको छ।

घरटहरा हटाउनका लागि रु २२ करोड ४५ लाख मुआब्जा आवश्यक पर्नेमा रु १४ करोड ५० लाख भुक्तानी भइसकेको पाण्डेले बताउनुभयो । उहाँले भन्नुभयो, "घरटहरासमेत गरी छ सय ३१ संरचनाका लागि मुआब्जा वितरण गर्न अहिले बजेट सकिएको छ, असार मसान्तसम्म रकम निकासा भएर आएपछि भुक्तानी हुन्छ ।" पाण्डेका अनुसार हालसम्म चार सय ७२ घरटहरा भत्काइएको छ । त्रियासी जना लाभग्राहीले पहिलो किस्ता लगेर संरचना भत्काउन सुरु गरेका छन्। त्यस्तै पहिलो किस्ताका लागि रु दुई करोड रकम माग गर्दै निवेदन आएको छ। "निवेदन आए पनि अहिले भुक्तानीका लागि रकम नभएकाले केही समय भुक्तानी दिन सक्ने अवस्था छैन, रकम आउनेबित्तिकै उनीहरूलाई पनि भुक्तानी हुन्छ", पाण्डेले भन्नुभयो।

पूर्वी खण्डको कामका लागि विसं २०७७ माघ १७ गते सम्झौता भई २०७८ वैशाख २ गतेदेखि काम सुरु भएको थियो । एकतालीस दशमलव ४५ किमी यो खण्डमा तीन ठूला र चार साना पुल निर्माण गरिनेछन् । पूर्वी खण्डको ठेक्का चाइना कम्युनिकेसन कन्स्ट्रक्सनले पाएको छ। यो खण्डको म्याद विसं २०८१ वैशाखसम्म रहेको छ।

पश्चिम खण्डअन्तर्गत जामुनदेखि पोखरासम्म विसं २०७८ जेठ २ गते सम्झौता भई विसं २०७८ भदौ १२ गतेदेखि काम सुरु भएको थियो। यो खण्ड निर्माणको जिम्मा चिनियाँ कम्पनी यनहुइ काइयुयान हाइवे एन्ड ब्रिज कन्स्ट्रक्सनले पाएको छ। यो खण्डको म्याद विसं २०८१ भदौसम्म रहेको छ।

विसं २०२६ मा रेखाङ्कन भएको सडकमा सवारीको चाप बढ्दै गएपछि एसियाली विकास बैङ्क (एडिबी)को ऋण सहयोगमा सडक चार लेनको बनाउन लागिएको हो । पूर्वी खण्डको ठेक्का रु छ अर्ब २१ करोड ३१ लाख १३ हजारमा र पश्चिम खण्डको ठेक्का रु सात अर्ब ४० करोड ४६ लाखमा लागेको छ । चार लेनको बन्दा सडक सीमा दुईतर्फी २५/२५ मिटर हुनेछ। बाक्लो बस्ती भएका स्थानमा ४१ मिटर चौडाइको सडक बन्नेछ । डिजाइनअनुसार तनहुँको दमौली र डुम्रे बजारमा ४१ मिटरको सडक बन्नेछ। दुलेगौडादेखि खैरेनीटार बजारसम्म, कोत्रे बजार क्षेत्र र कास्कीको गगनगौडादेखि पोखरासम्म सडकको चौडाइ ४६ मिटरको हुनेछ।

## कानुन...

पन्थले सूचना प्रविधिमा आएको परिवर्तनसँगै नियामक निकायको भूमिका पनि प्रभावकारी हुनुपर्नेमा जोड दिनुभयो। सेवाको सञ्चालन एवम् नियमनका लागि बनाइएका कानुन पनि आवश्यकता अनुसार संशोधन हुँदै जानुपर्नेमा उहाँको भनाइ छ । सेवा प्रदायकबीच स्वस्थ प्रतिस्पर्धा आवश्यक भएको बताउँदै उहाँले गुणस्तरीय सेवा बढाउनेतर्फ लक्षित हुनुपर्ने बताउनुभयो । नेपाल दूरसञ्चार प्राधिकरणका उपनिर्देशक रेवतीराम पन्थले दूरसञ्चार सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउन कानुन रहेको बताउँदै त्यसको पालना गरी सेवालाई गुणस्तरीय बनाउन सम्बद्ध सेवा प्रदायक लाग्नुपर्ने बताउनुभयो। सेवा प्रदायकहरूले स्वस्थ प्रतिस्पर्धालाई जोड दिनुपर्ने बताउँदै उहाँले भौगोलिक अवस्था जस्तो भए पनि सञ्चारको महत्व उत्तिकै बराबरी रहेको उल्लेख गर्नुभयो। नेपाल टेलिकम गण्डकी प्रदेशका उपनिर्देशक प्रक्षित थापाले भौगोलिक विकटताले कतिपय स्थानमा सेवा प्रवाहमा समस्या आएको बताउँनुभयो । कतिपय स्थानमा विजुली बत्ती उपलब्ध नहुँदा सोलारका माध्यमबाट मात्रै सेवा प्रभावकारी रूपमा दिन नसकिएको उहाँले बताउनुभयो।

पोखरा उच्च अदालत बार एशोसिएशनका उपाध्यक्ष गिरधारी सुवेदीले दूरसञ्चार सेवालाई प्रभावकारी बनाउनका लागि एकीकृत कानुनको खाँचो औंल्याउनुभयो । उपभोक्ता मञ्च गण्डकी प्रदेशका कोषाध्यक्ष मीना रानाभाटले सेवाको गुणस्तरीयतामा जोड दिनुपर्ने बताउँदै अव्यवस्थित रूपमा राखिएका तारलाई व्यवस्थित गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

कार्यक्रममा पोखरा इन्टर नेटका विजेश पालिखे, प्रशंसा अर्याल लगायतले बोल्नुभएको थियो भने सहभागीका तर्फबाट सेवा प्रवाह, कानुनी व्यवस्था लगायतमा जिज्ञाशा व्यक्त गरिएको थियो।

# अन्तर्राष्ट्रिय सगरमाथा दिवस

पोखरापत्र संवाददाता
पोखरा, ३० जेठ

सगरमाथा आरोहणको ७० औं वार्षिकोत्सव र अन्तर्राष्ट्रिय सगरमाथा दिवस, २०२३ का अवसरमा इस्लामाबादस्थित नेपाली राजदूतावासले नेपाली तथा पाकिस्तानी सगरमाथा आरोही, पर्वतारोहण सम्बद्ध पदाधिकारी, पत्रकार र नेपालका मित्रहरूको उपस्थितिमा कार्यक्रमको आयोजना गरी मनाइएको छ।

सो अवसरमा पाकिस्तानका लागि नेपाली राजदूत तापस अधिकारीले सगरमाथा दिवसको महत्वका बारेमा २९ मे १९५३ को सगरमाथाको प्रथम सफल आरोहणले पर्वतारोहणमा एक नयाँ आयाम थपेको र तत्पश्चात् हजारौं पर्वतारोहीले सगरमाथा आरोहण गरेको बताउनुभयो।

उहाँले नेपाल सरकारले पर्वतारोहणका सम्बन्धमा लिएका नीति, कार्यक्रम र पर्वतारोहण एवं साहसी पर्यटन र नीतिका बारेमा जानकारी दिनुभयो। उहाँले हालै सगरमाथा अरोहण गर्नुभएका पाकिस्तानी पर्वतारोही नयला कियानी, साजिद अली सादपारालाई बधाई दिँदै उहाँहरूको आगामी पर्वतारोहण र साहसी खेल एवं पर्यटन अभियानको सफलताको कामनासमेत गर्नुभयो।

राजदूत अधिकारीले त्यस अवसरमा शेर्पा समुदायको पर्वतारोहणमा योगदानको चर्चा गर्दै पर्वतारोहणमा शेर्पाको दक्षता, विश्वसनीयता र सहयोगी भावनाका कारण उनीहरूको सहयोगमा कुनै पनि पर्वत आरोहण गर्न सहज रहेको बताउनुभयो । शेर्पाहरू नेपालको नम्र शक्ति रहेको र नेपाली समाजले उनीहरूको योगदानको उच्च सम्मान गर्दै पर्वतारोहणमा सदैव गौरवान्वित रहेको बताउनुभयो।

सो अवसरमा राजदूत अधिकारीले नयला कियानी र साजिद अलि सादपारालाई नेपालको पर्यटन विभागबाट जारी भएको सगरमाथा आरोहण गर्दा दिइने प्रमाणपत्र हस्तान्तरण गर्नुभएको पाकिस्तानस्थित नेपाली राजदूतावासले जनाएको छ । कार्यक्रममा पर्वतारोही मिङ्मा जी शेर्पा, दावा शेर्पा, सरवाज खान, नयला कियानी र साजिद अलि सादपाराले नेपालमा पर्वतारोहणको आ-आफ्नो अनुभव सुनाउँदै पर्वतारोहण अभियानमा नेपाल सरकार र जनताबाट प्राप्त सहयोगप्रति आभारी रहेको बताउनुभएको थियो।

# गण्डकी प्रदेश स्तरीय टेबुलटेनिस च्याम्पियनसिप प्रतियोगिता सुरु

पोखरापत्र संवाददाता
पोखरा, ३० जेठ

प्रदेश खेलकुद परिषद् गण्डकीको आयोजना र कास्की जिल्ला टेबुलटेनिस संघको व्यवस्थापनमा भएको गण्डकी प्रदेश स्तरिय टेबुलटेनिस च्याम्पियनसिप प्रतियोगिता मंगलबारदेखि सुरु भएको छ।

कार्यक्रमका प्रमुख अतिथि प्रदेश खेलकुद परिषद्का उपाध्यक्ष धोज कुमार गुरुङले प्रतियोगिताको उद्घाटन गर्दै टेबुलटेनिस लगायतका सबै खेल संघहरुलाई परिषद्ले सहयोग गरेको हुदाँ खेलाडीहरुले धेरैभन्दा धेरै फाइदा लिन सक्नुपर्ने वताए।



जेठ ३१ गते सम्म संचालन हुने प्रतियोगितामा गण्डकी प्रदेशका १० जिल्लाबाट २६ खेलाडीहरु र ८ व्यवस्थापक एवम् प्रशिक्षकको सहभागिता रहेको छ भने उनिहरुको लागि खान, वस्न र एकतर्फि वस भाडा आयोजकले व्यवस्थापन गरेको छ।


सो अवसरमा कास्की जिल्ला टेबुलटेनिस संघका अध्यक्ष उत्तम जोशी, सचिव कृष्ण रानाभाट, प्राविधिक संयोजक रजन सुब्बा लगाएतले वोलेका थिए।


# कपालको उपचार

## कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

### के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

# के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

# प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# मधेसका मुख्यमन्त्रीलाई विश्वासको मत

मधेस प्रदेश सरकारका मुख्यमन्त्री सरोज कुमार यादवले दोस्रो पटक विश्वासको मत पाएका छन । प्रदेश सभामा रहेका सबै दल र ससांसदहरुले विश्वासको मत दिएका छन । मुख्यमन्त्रीलाई विश्वासको मत लिन बाध्य बनाएको नेकपा एमालेले सरकारलाई फेरि समर्थन गरेको छ । नेकपा एमालेले मधेस प्रदेश सरकारको नेतृत्व गरिरहेको मुख्यमन्त्री सरोजकुमार यादवलाई फेरि विश्वासको मत दिएको छ । यसअघि केन्द्रमा नेकपा एमालेसहितको दलहरू मिलेर बनेको गठबन्धन भत्किएसँगै एमालेले मधेस प्रदेश सरकारबाट पनि बाहिरिएर सरकारलाई दिएको समर्थन फिर्ता लिएको थियो ।

चार मन्त्रीसहित प्रदेश सरकारमा सहभागी एमाले गत चैत्र २१ गते राजीनामा दिएर सरकारबाट बाहिरिएको थियो । सरकारबाट बाहिरिएको एमालेले झन्डै दुई महिनापछि जेठ १ गते सरकारलाई दिएको समर्थनसमेत फिर्ता लिएको थियो । सरकार छोडिसकेपछि प्रमुख प्रतिपक्षी दलको भूमिका निर्वाह गर्न त्यतिबेला समर्थन फिर्ता लिए पनि सरकारलाई मजबुत बनाउन र स्थायित्व दिन फेरि विश्वासको कत दिएको तर्कसंगत आधार दिन सकेको छैन । समर्थन फिर्ता नलिएसम्म प्रतिपक्षको कुर्सीमा बस्न पाइँदैन भन्ने सत्तापक्षको भनाइपछि सदनलाई मर्यादित बनाउन त्यसबेला सरकारलाई दिएको समर्थन फिर्ता लिएको थियो । तर सरकार अस्थिर भयो भने प्रदेश कमजोर हुन्छ ।

एमाले संघीयतालाई मजबुत बनाउन तथा प्रदेशमै त्यसको अभ्यास गर्न मुख्यमन्त्रीलाई विश्वासको मत दिएर अगाडी बढ्ने प्रयास गरेको दलका नेता यादव बताउँछन् । 'सरकारलाई दिएको समर्थनको निर्णय एमाले मधेस प्रदेश संसदीय दलको आफ्नै निर्णय हो यसमा केन्द्रको कहीँ हस्तक्षेप छैन । सरकारलाई समर्थन दिएका कुनै दलले समर्थन फिर्ता लिएमा ३० दिन भित्र मुख्यमन्त्रीले पुनः विश्वासको मत लिनुपर्ने कानुनमा व्यवस्था छ । सोही अनुरूप सोमबार मुख्यमन्त्रीले एमालेले समर्थन फिर्ता लिएको ३० औँ दिनमा विश्वासको मत लिएका छन् ।

मुख्यमन्त्री यादवले सोमबार बिहान सत्ता गठबन्धन दलको बैठक बसेर आकस्मिक रूपमा प्रदेश सभाको बैठक बोलाएर विश्वासको मत लिए । एमालेले समर्थन फिर्ता लिएको यतिका दिनसम्म विश्वासको मत लिन चासो नदेखाएको मुख्यमन्त्रीले सत्ता गठबन्धनको बैठकबाट विश्वासको मत लिने निर्णय गरेर प्रदेशसभा सदस्यहरूलाई एसएमएसमार्फत बैठकमा सहभागी हुन जानकारी गराएका थिए । मुख्यमन्त्री यादव तत्कालीन एमालेसहितको गठबन्धनको समर्थनमा पुस २७ गते मधेस प्रदेशका मुख्यमन्त्रीमा नियुक्त भएका थिए । आज पनि उनले सम्पूर्ण प्रदेश सांसदको विश्वासको मत हासिल गर्न सफल भएका छन ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| **मेष** | : सत्कार मिल्नेछ | **तुला** | : ब्यापारमा लाभ |
| **वृष** | : सम्मान मिल्नेछ | **वृश्चिक** | : शत्रुको भय |
| **मिथुन** | : अप्रत्यसित लाभ | **धनु** | : झमेला बड्ने |
| **कर्कट** | : आर्थिक समस्या | **मकर** | : कार्यमा सफलता |
| **सिंह** | : मानसिक तनाब | **कुम्भ** | : मन चञ्चल |
| **कन्या** | : शारीरिक झमेला | **मीन** | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# नि:शुल्क आँखा परीक्षण शिविर

**पोखरापत्र संवाददाता**
पोखरा, ३० जेठ

नेपाल रेडक्रस शोसाइटी पोखरा २९, ३० उपशाखाको आयोजनामा मंगलबार एक दिने निःशुल्क आँखा परीक्षण शिविर सम्पन्न भएको छ ।

हिमालय आँखा अस्पताल, घारीपाटन, पोखराको सहकार्यमा र पोखरा ३० राम मन्दिरको भवनमा सञ्चालित शिविरमा सो क्षेत्रका ५ सय ७१ जना बढी सर्वसाधारणले आँखा परीक्षण गराएका छन् ।

आँखामा मोतिया विन्दुको समस्या देखिएको र धेरै जसोमा आँखामा पानीको कमीका कारण सुख्खापन भई आँखा चिलाउने, टाउको दुख्ने जस्ता समस्या देखिएको आँखाको औषधि चश्मा र मोतियाविन्दु भएका लाई रेडक्रसद्धारा अप्रेसन गर्नेलाई निशुल्क उपाचको व्यवस्था समेत गरीने नेपाल रेडक्रस सोसाइटी पोखरा २९, ३० शाखाका सभापति विश्वमोहन पौडेलले बताउनुभयो ।

शिविरमा हिमालाय आँखा हस्पिटल पोखराको प्राविधिक सहयोगमा अस्पतालका आँखा सम्बन्धि चिकित्सकहरु डा. रुपसिंह बोहोरा, गरिमा लौंडारी, स्नेहा पाण्डे, साधना मजाकोटी, रुष्मा गुरुङ र दिपक मल्ल लगायत आधा दर्जन बढी स्वास्थ्यकर्मीहरुले प्रत्यक्ष सेवा दिएका थिए । शिविरमा औषधी तथा चश्मा समेत निशुल्क वितरण गरिएको थियो ।

शिविरमा पोखरा २९,३० उपशाखाका सचिव रामचन्द्र पौडेल, सदस्य थानेश्वर न्यौपाने, र जिल्ला रेडक्रसका कोषाध्यक्ष सन्तोष अधिकारी र रेडक्रसका सदस्यहरु लगायतको समेत उपस्थिति रहेको थियो ।

शिविरमा ५ सय ७१ जना सर्वसाधारणले आँखा जाँच गराएका मध्ये ७ जनाका मोतिविन्दुको निशुल्क उपचारको लागि हिमालय आँखा अस्पताल पोखरामा गरिने जानकारी डा. रुपसिंह बोहोराले जानकारी दिनुभयो ।

# म्याग्दीमा 'दीर्घरोगीको घर घरमा अध्यक्ष'कार्यक्रम

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३० जेठ

म्याग्दीको धवलागिरि गाउँपालिकाले 'दीर्घरोगीको घर-घरमा अध्यक्ष' कार्यक्रम सुरु गरेको छ ।

दीर्घरोगीको अवस्था पहिचान र उनीहरूको औषधोपचारमा सघाउने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको हो । भौगोलिकरूपमा अत्यन्त विकट रहेको धवलागिरि-१ स्थित गुर्जाबाट गाउँपालिकाका अध्यक्ष प्रेमबहादुर पुनले सो अभियानको शुभारम्भ गर्नुभएको हो ।

सो अवसरमा उहाँले दीर्घरोगीलाई घरदैलोमै पुगेर औषधोपचारको व्यवस्था मिलाउन कार्यक्रम सञ्चालन गरिएको जानकारी दिनुभयो । कार्यक्रममार्फत सबै वडा र बस्तीबाट नियमित औषधि सेवन गरिरहेका दीर्घरोगीको विवरण सङ्कलन गरिएको छ । नियमित औषधि सेवन गर्ने विवरण सङ्कलन गरेर सातवटै वडामा घरभेट गर्ने कार्यक्रमअनुसार वडा नं १ गुर्जामा दीर्घरोगीसँग भेटघाट गरिएको उहाँले बताउनुभयो । गुर्जामा छजना दीर्घरोगी पहिचान भएका गाउँपालिकाले स्वास्थ्य शाखाका सहसंयोजक अनिषा आचार्यले बताउनुभयो ।

सबै वडामा दीर्घरोगीले सेवन गर्ने औषधिको विवरण सङ्कलन गरेर औषधि उपलब्ध गराउने योजना गाउँपालिकाको छ । सो कार्यक्रम कार्यान्वयन गर्न गाउँपालिकाले चालु आवमा रु २० लाख बजेट विनियोजन गरेको जनाइएको छ ।

# म्याग्दी नदीको पानी पोकफाँटको सिरानमा

**पोखरापत्र संवाददाता**
बेनी, ३० जेठ

म्याग्दीको मङ्गला गाउँपालिका-५ पोकमा 'लिफ्ट' सिँचाइ आयोजना निर्माण भएको छ । मङ्गला गाउँपालिकाको आर्थिक सहयोगमा म्याग्दी नदीको पानी तानेर पोकको फाँटमा लगेर सिँचाइ गर्न थालिएको हो । तीस हर्षपावर क्षमताको पम्प प्रयोग गरेर म्याग्दी नदीको पानी ६५ मिटरमाथि तानिएको मङ्गलाका प्राविधिक नगेन्द्र सापकोटाले बताउनुभयो ।

"म्याग्दी नदीको किनारबाट ९० मिलीलिटरको पाइपबाट पानी तानेर ६५ मिटरमाथि पोकफाँटको सिरानमा पुर्‍याइएको छ", उहाँले भन्नुभयो, "नहरबाट कृषकको खेतबारीमा पानी लगेर सिँचाइ गर्न सकिन्छ ।" लिफ्ट सिँचाइ आयोजनाको सोमबार परीक्षण सफल भएको प्राविधिक उहाँले बताउनुभयो ।

पोक म्याग्दीको मकै, गहुँ र धानबालीको भण्डार मानिन्छ । लिफ्ट सिँचाइ आयोजनाबाट पोकको ६५ हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको उपभोक्ता समितिका अध्यक्ष मनप्रसाद बुढाथोकीले बताउनुभयो । बाउन्न घरधुरी कृषक लाभान्वित भएका छन् । हिउँदयाममा सिँचाइ अभावमा कृषकलाई खेतीबाली लगाउन समस्या परेपछि लिफ्ट प्रविधिको विकल्प अपनाइएको हो । बर्खायाममा मूल फुट्ने र खोल्सामा पानी आउने हुँदा सिँचाइको समस्या हुँदैन । खडेरी र हिउँदयाममा सिँचाइ अभावमा बाली सुक्ने समस्या छ । पानीको अभावमा धानको ब्याड राख्न नपाएका र खेतको मकै सुकेर क्षति ब्यहोर्नुपर्ने समस्या हट्ने पोकका कृषकको अपेक्षा छ । सिँचाइ भएपछि जमिन बाँझो राख्नुपर्ने समस्या हटेर बाह्रै महिना मौसम अनुकूलको खेती लगाउन सकिने भएको छ ।

लिफ्ट सिँचाइ आयोजना निर्माणका लागि मङ्गला गाउँपालिकाले चालु आर्थिक वर्ष २०७९/८० मा रु १० लाख बजेट विनियोजन गरेको थियो । पम्प, पाइप खरिद र नेपाल विद्युत् प्राधिकरणसँग समन्वय गरी नयाँ ट्रान्सफर्मर राखेर विद्युत् को व्यवस्था मिलाइएको छ । म्याग्दी नदी किनारमा आवश्यक परेको समयमा पाइप राखेर पानी तान्न मिल्ने संरचना बनाइएको थियो । आगामी वर्ष म्याग्दी नदीबाट तानेको पानी सङ्कलन गर्ने पोखरी बनाउने योजना रहेको गाउँपालिकाले जनाएको छ ।

# महिला क्रिकेट : नेपाल पाकिस्तानसँग पराजित

**रासस**
काठमाडौं, ३० जेठ

एसीसी महिला टि -ट्वान्टी इमर्जिङ टिम्स एसिया कप क्रिकेटमा नेपाल पाकिस्तान 'ए' सँग पराजित भएको छ ।

हङकङको मङककमा भएको खेलमा नेपाल पाकिस्तानको 'ए' टिमसँग नौ रनको झिनो अन्तरले पराजित भएको हो । पाकिस्तान 'ए' ले दिएको ८८ रनको लक्ष्य पछ्याएको नेपाल निर्धारित २० ओभरमा छ विकेट गुमाएर ७८ रनमा समेटियो । नेपालका लागि ओपनर कविता कुँवरले सर्वाधिक २० रनको योगदान दिइन् । उनले ३२ बलमा सर्वाधिक २० जोडेकी हुन् । त्यस्तै कविता जोशीले १७ बलमा अविजित १५ रन बनाइन् । त्यसबाहेक अन्य ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन् । पाकिस्तान 'ए' की सईदा शाह र तुवा हसनले समान दुई/दुई विकेट झारे भने अनुशा नासिर र उम्मी हानीले समान एक एक विकेट लिए । त्यसअघि टस हारेर पहिले ब्याटिङ थालेको पाकिस्तान 'ए' ले १९ दशमलब दुई ओभरमा सबै विकेट गुमाउँदै ८७ रनको योगफल बनाएको थियो । उसका लागी शवाल जुफिकले ३६ बलमा २८ रन बनाइन् भने कप्तान साना फतिमाले २३ बलमा १६ रन बनाइन् । त्यस्तै गुल फरुजाले १८ बलमा ११ रन जोडिन् । बलिङतर्फ ईन्दु बर्माले तीन विकेट झारिन् भने कविता जोशी, कविता कुँवर र सीता रानामगरले समान दुई/दुई विकेट लिए । यस जितसँगै पाकिस्तान 'ए' समूह 'ए' को शीर्ष स्थानमा उक्लिएको छ । पराजित नेपाल भने दोस्रो स्थानमा रहेको छ ।

भिसा समस्याका कारण थाइल्यान्डले अन्तिम समयमा नाम फिर्ता लिएपछि नेपालले उक्त प्रतियोगितामा अवसर पाएको थियो । एसिसी महिला टी-ट्वान्टी इमर्जिङ टिम्स एसिया कपमा विभिन्न आठ राष्ट्र सहभागी छन् । यसलाई दुई समूहमा विभाजन गरिएको छ । नेपाल समूह 'ए' मा रहेको छ । नेपालको समूहमा हङकङ, भारत र पाकिस्तान रहेका छन् । समूह 'बी' मा मलेसिया, संयुक्त अरब इमिरेट्स (युएई), बंगलादेश र श्रीलंका 'ए' रहेका छन् । नेपालले अब आफ्नो दोस्रो खेल यही जेठ ३२ गते भारतसँग खेल्नेछ ।

# बेपत्ता नगरप्रमुखविरुद्ध सात सय ६८ उजुरी

**पोखरापत्र संवाददाता**
बागलुङ, ३० जेठ

केही दिनयता जिल्ला प्रहरी कार्यालय बागलुङको परिसरमा भीडभाड छ ।

कार्यालयका सूचना अधिकारीसमेत रहनुभएका प्रहरी नायब उपरीक्षक मदन केसीलगायतका प्रहरी अधिकृत इमेज सहकारी पीडितका गुनासो सुन्नमै व्यस्त हुनुहुन्छ ।

पीडितले दिएका निवेदन लिने र दर्ता गर्ने उहाँहरूको दैनिकी बनेको छ । बागलुङमा कार्यालय सञ्चालन गरेका इमेज बचत तथा ऋण सहकारी संस्था र शिव शिखर बहुउद्देश्यीय सहकारी संस्थाका संस्थापक अध्यक्ष देवकुमार नेपालीविरुद्ध हालसम्म सात सय ६८ वटा उजुरी परेका छन् । ढोरपाटन नगरपालिकाका प्रमुखसमेत रहेका नेपाली जेठ ५ देखि सम्पर्कमा छैनन् । इमेज सहकारीका संस्थापक अध्यक्ष नेपालीसहित कार्यबाहक अध्यक्ष डोरबहादुर परियार, सचिव सुनिल नेपाली, कोषाध्यक्ष लक्ष्मी सेन र सञ्चालक सदस्य चित्रबहादुर भण्डारी, रूपा विक र झगबहादुर शाहीलाई ७ वैशाखमा गृहमन्त्रालयले यात्रा अनुमतिमा रोक लगाएको थियो । हालसम्म उनीहरू बेपत्ता छन् । "नेपाल प्रहरी र राष्ट्रिय अनुसन्धानले खोजी गरिरहेको छ, तर कोही भेटिएका छैनन्" प्रहरी नायब उपरीक्षक मदन केसीले भन्नुभयो, "उजुरी गर्नेहरू राति ८ बजेसम्म लाइनमा हुन्छन्, केही दिन भयो हाम्रो कार्यालय भीडले भरिएको छ ।" बचतकर्ताको रु दुई अर्बभन्दा बढी रकम हिनामिना गरेको आरोप नेपालीमाथि छ । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)ले जेठ १६ गते उनीसहित पदाधिकारीले बचतकर्ताको अर्बौं रकम अपचलन गरी सङ्गठित ठगी गरेकाले उनीहरूविरुद्ध उजुरी लिन पत्राचार गरेको थियो । जिल्ला प्रहरी कार्यालय बागलुङले जेठ २१ गते बचत रकमसहित प्रमाण जुटाएर उजुरी दिन आह्वान गरेको थियो । जसअनुसार सोमबार बेलुकासम्म सात सय ६८ जनाले रकम मागदाबीसहित उजुरी गरेको र अझै चार हजारभन्दा बढी सङ्ख्यामा बचतकर्ताको उजुरी आउनसक्ने अनुमान गरिएको केसीले जानकारी दिनुभयो ।

उहाँका अनुसार हालसम्म रु ८९ करोड ६६ लाख बचत रकम पाउनुपर्ने दाबी गरिएको छ । इमेज सहकारीको बागलुङ बजार, गलकोट र बुर्तिबाङमा गरी तीन वटा शाखा बागलुङमा मात्र छन् भने पोखरा सिर्जनाचोकमा समेत यसको शाखा छ । बागलुङमा मात्ररु दुई अर्बभन्दा बढी रकम हिनामिना भएको अनुमान गरिएको छ । पोखरा सिर्जनाचोकमा रहेको सहकारीका बचतकर्ता पोखरा महानगरको सहकारी महाशाखा र जिल्ला प्रहरी कार्यालयमा धाइरहेका छन् । बागलुङ र पोखरा दुवै ठाउँका बचतकर्ताले सङ्घर्ष समिति नै बनाएर धर्ना तथा दबाब कार्यक्रम गरिरहेका छन् ।

# 'नीरफूल'को विशेष प्रदर्शनी

**रासस**
काठमाडौं, ३० जेठ

गत शुक्रबारदेखि देशव्यापी प्रदर्शनीमा आएको चलचित्र ' नीरफूल'को निर्माण समूहले आयोजना गरेको विशेष प्रदर्शनीमा नेतादेखि कलाकारसम्म सहभागी भए ।

सोमबार बेलुकी आयोजित प्रदर्शनीमा चलचित्र हेरेपछि नेकपा (एमाले)का नेता भीम रावलले २०७२ साल वैशाखको विनाशकारी गोरखा भूकम्पले पारेको असर चलचित्रमा समेटिएको बताउनुभयो । "चलचित्रमा मनोरञ्जनसँगै सन्देश पनि छन् । नेपालीमार्फत नै नेपालीले पाउने पीडालाई दृश्यका माध्यमले दर्शाइएको छ", उहाँले भन्नुभयो, "वैदेशिक रोजगारीले हाम्रो समाज र परिवारलाई गरेको क्षतिलाई समेट्दै सेवा दिनुपर्ने निकाय दायित्वबाट पन्छिदा पर्ने प्रभाव देखाइएको छ ।

# १६ जिल्लाका एक हजारभन्दा बढी दादुराबाट सङ्क्रमित

**रासस**
काठमाडौं, ३० जेठ

दादुरा प्रकोपबाट १६ जिल्लाका एक हजारभन्दा बढी सङ्क्रमित भएका छन् । स्वास्थ्य विभागको परिवार कल्याण महाशाखाले मंगलबार सार्वजनिक गरेको प्रतिवेदनमा १६ जिल्लाको एक हजार तीन जनालाई दादुराको प्रकोप भएको छ ।

महाशाखाका निर्देशक डा विवेककुमार लालका अनुसार मोरङ, सुनसरी, धनुषा, महोत्तरी, सर्लाही, चितवन, काठमाडौँ, कपिलवस्तु, अर्घाखाची, दाङ, बाके, बर्दिया, सुर्खेत, कैलाली, कञ्चनपुर र बाजुरा जिल्लामा दादुराको प्रकोप भएको छ । ती जिल्लामध्ये सबभन्दा बढी प्रभावित कैलाली, सुनसरी र महोत्तरी रहेका छन् । कैलालीको धनगढी उपमहानगरपालिका, गौरीगङ्गा नगरपालिका र गोदावरी नगरपालिका, सुनसरीको बर्जु नगरपालिका र महोत्तरीको गौलाशा नगरपालिकाको वडा नं २ र ५ रहेका छन् । ती स्थानीय तहका छ महिनादेखि १५ वर्ष उमेर समूहका बालबालिकालाई दादुराविरुद्धको खोप लगाइएको प्रतिवेदनमा उल्लेख गरिएको छ । अहिलेसम्म दादुराको प्रकोपबाट बाँकेको नेपालगञ्जमा एक जनाको मृत्यु भएको प्रतिवेदनमा उल्लेख गरिएको छ ।


## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १९ लामाचौरमा आलेको घर हुँदै वर चौतारी ढाव टारी नाला सडक निर्माण सहित स्तर उन्नति गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नाम**: आलेको घर हुँदै वर चौतारी ढाव टारी नाला सडक निर्माण सहित स्तर उन्नति

**उपभोक्ता समितिको नाम**: आलेको घर हुँदै वर चौतारी ढाव टारी नाला सडक निर्माण उपभोक्ता समिति, पोखरा-१९

**योजना सम्झौता मिति** : २०७९/०९/२२

**योजना सुरु मिति** : २०७९/१०/०५

**योजना सम्पन्न भएको मिति** : २०८०/०२/३०

**महानगरपालिका बाट प्राप्त** : २०,००,०००/-

**उपभोक्ताबाट** : २,२३,०००/-

**कुल लागत** : २२,२३,०००/-

**महेन्द्र प्रसाद पौडेल**
अध्यक्ष
**आलेको घर हुँदै वर चौतारी ढाव टारी नाला सडक निर्माण उपभोक्ता समिति**, पोखरा-१९, कास्की

# तनहुँमा जग्गाको नापजाँच अगाडि बढ्यो

**पोखरापत्र संवाददाता**
दमौली, ३० जेठ

भूमिहीन एवं अव्यवस्थित बसोबासीलाई लालपुर्जा वितरणका लागि तनहुँमा जग्गा नापजाँचको काम अगाडि बढेको छ। राष्ट्रिय भूमि आयोग तनहुँले भूमिहीन एवं अव्यवस्थित बसोबासीलाई लालपुर्जा वितरणका लागि जग्गा नापजाँचको काम अगाडि बढाएको हो।

आयोगका विज्ञ सदस्य श्रीराम कार्कीका अनुसार शुक्लागण्डकी नगरपालिका-३, ८ र ९ मा जग्गाको नापजाँच भइरहेको छ। देवघाट गाउँपालिका-५ मा नापजाँच सकिए पनि केही छुटपुट भएकाले छुटपुट भएकालाई समेत समावेश गर्ने तयारी गरिएको उहाँले बताउनुभयो। देवघाटकै वडा नं २ र ४ मा जग्गाको नापजाँच सुरु गर्ने तयारी गरिएको छ। सदस्य कार्कीका अनुसार आँबुखैरेनी गाउँपालिकाका छवटै वडामा जग्गाको नापजाँच काम सकिएको छ। व्यास नगरपालिकाका जग्गा नापजाँचका लागि छलफल अगाडि बढाइएको छ। जग्गा नापजाँचका लागि आवश्यक उपकरण खरिदका लागि नगरपालिकाले बोलपत्र आह्वान गरिसकेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "प्राविधिक कम भएका कारण पनि जग्गा नापजाँचको कामले तीव्रता पाउन सकेको छैन। हामीसँग उपलब्ध प्राविधिकलाई नै मिलाएर सबै स्थानीय तहमा खटाउनुपर्ने अवस्था छ।"

जग्गा नापजाँच सम्पन्न भएपछि फिल्ड ढड्डा उतारेर काम गर्दा प्रत्येक पालिकाका लागि एक महिना समय आवश्यक पर्छ। उहाँले भन्नुभयो, "जग्गा नापजाँच सुरु भएपछि धेरै काम अगाडि बढेको छ भन्ने महसुस सबैलाई हुन्छ। सोहीबमोजिम हामीले कामलाई अगाडि बढाइरहेका छौँ।" सदस्य कार्कीका अनुसार असारभित्रै अथवा नभए दशैं अगाडि कुनै न कुनै पालिकामा लालपुर्जा वितरण गर्ने लक्ष्य छ। यसैगरी भानु नगरपालिकामा पनि दशैंअघि सुकुम्बासी एवं अव्यवस्थित बसोबासीलाई लालपुर्जा वितरणको तयारीसहित नापजाँच कार्य सुरु भएको छ। वर्षौंदेखि लालपुर्जाविहीन रहँदै आएका स्थानीयवासीलाई लालपुर्जा दिने उद्देश्यसहित भानु नगरपालिकामा जग्गाको नापजाँच सुरु भएको छ। भानु नगरपालिका-१ स्थित नयाँबस्तीबाट जग्गाको नापजाँच कार्य सुरुआत गरिएको हो।

भानु-१ मा पाँच सयभन्दा बढीलाई निस्सा वितरण गरिएको थियो। यो वडाबाट सुरु भएको जग्गा नापजाँच कार्य क्रमशः अन्य वडामा सुरु गरिने नापी कार्यालयका तनहुँका प्राविधिक एवं जग्गा नापजाँच कार्यका टोली प्रमुख राजीव श्रेष्ठले जानकारी दिनुभयो। भानु नगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठीले दशैंअगावै नापजाँच कार्य सकेर लालपुर्जा वितरण गरिने बताउनुभयो। राष्ट्रिय भूमि आयोग तनहुँका अध्यक्ष रामचन्द्र अधिकारीले स्थानीय तहको समन्वयमा भूमिहीनलाई लालपुर्जा र अव्यवस्थित बसोबासीलाई व्यवस्थित बनाउने प्रक्रिया सुरु गरिएको बताउनुभयो। भानु नगरपालिकामा जग्गाको नापजाँच सुरु भएपछि भूमिहीन खुसी भएका छन्। यसअघि निस्सा पाएका नयाँबस्तीका रामबहादुर परियारले अब लालपुर्जा पाइन्छ कि भन्ने आशा जागेको बताउनुभयो। उहाँले भन्नुभयो, "प्रत्येक चुनावमा नेता आएर लालपुर्जा दिन्छौँ भन्नुहुन्छ, तर कहिल्यै पुर्जा पाइएन। अहिले नापजाँचको काम सुरु भएपछि त पक्कै पुर्जा पाइन्छ होला।" सोही ठाउँकी डिलकुमारी राना पनि जग्गा नापजाँच अगाडि बढेपछि हर्षित हुनुहुन्छ।

लालपुर्जा नहुँदा सुकुम्बासी भएर बाँच्नुपरेको भन्दै उहाँले जग्गा नहुँदा धेरै समस्या आइपरेको उल्लेख गर्नुभयो। जिल्लाका १० पालिकामा भूमिहीन दलित एक हजार एक सय आठ, भूमिहीन सुकुम्बासी एक हजार आठ सय ७२ र अव्यवस्थित बसोबासी २३ हजार एक सय ३७ गरी २६ हजार एक सय १७ जनाको निवेदन दर्ता भएको छ।

# बासस्थानमै छोडियो हुचिल

**पोखरापत्र संवाददाता**
गोरखा, ३० जेठ

डिभिजन वन कार्यालय गोरखाले अवैधरूपमा घरमा राखिएको अवस्थामा भेटिएका दुई हुचिललाई प्राकृतिक बासस्थानमा लगेर छाडेको छ।

यही जेठ १८ गते सहिदलखन गाउँपालिका-६ घर भएका २७ वर्षका मोहनसिं थापा र २० वर्षका विकास थापाको घरमा अवैधरूपमा राखिएको हुचिललाई १२ दिनपछि सोमबार साँझको समयमा प्राकृतिक बासस्थानमा पुर्‍याएर छाडिएको डिभिजन वन कार्यालय गोरखाका वनअधिकृत विनोद गायकले जानकारी दिनुभयो।

हुचिल रातका समयमा स्वतन्त्ररूपमा सक्रिय हुने प्रजातिको पक्षी भएकाले कृत्रिम बासस्थान र आहाराबाट लामो समयसम्म बचाउन कठिन हुने जनाउँदै प्राकृतिक बासस्थानमै सुरक्षित छाड्न जिल्ला अदालत गोरखाले निर्देशन दिएपछि कार्यालयले सहिदलखन गाउँपालिकाको तामली भिरमा लगेर हुचिललाई उसकै बासस्थानमा छाडिएको उहाँले बताउनुभयो। "हुचिललाई उसको साविकको बासस्थानबाहेक अन्य ठाँउमा छाड्दा आहाराको खोजीमा समय लाग्ने पनि हुन्छ", वनअधिकृत गायकले भन्नुभयो, "यसलाई सजिलै प्राकृतिक बासस्थानमा घुलमिल हुन सजिलो होस् भनेर पनि प्राकृतिक बासस्थानमा छाडिएको हो।"

बरामद पक्षीको जीवनरक्षाका लागि प्राकृतिक स्थानमै लगेर छाड्नका लागि अदालतले अनुमति दिएपछि डिभिजन वन कार्यालय गोरखाका अनुसन्धान अधिकृत गायक नेतृत्वको टोलीले बरामद भएको हुचिललाई प्राकृतिक बासस्थानमा छाडेको हो।

वडाध्यक्ष दिलीपनारायण थापा, स्थानीयवासी, प्रहरी र पत्रकारको रहोवरमा हुचिललाई प्राकृतिक बासस्थानमा लगेर छाडिएको वनअधिकृत गायकले जानकारीले दिनुभयो। "हुचिलको मुख्य आहारा खरायो, न्याउरी मुसा, मुसालगायत हो", उहाँले भन्नुभयो, "दिनभरि आराम गर्ने र रातको समयमा आहाराको खोजीमा निस्कने र आहारा गर्ने गर्दछ।" नेपालको पहाडी भेगमा पाइने प्रजातिको हुचिल तराई भेगमा पाइने हुचिलभन्दा ठूलो हुने वनअधिकृत गायकको भनाइ छ। नेपालमा पाइने २३ प्रजाति हुचिलमध्ये नौ प्रजातिको हुचिल भने लोपोन्मुख अवस्थामा रहेको उहाँले जानकारी दिनुभयो। नेपालमा हुचिललाई किसानको साथी पनि भन्ने गरिन्छ। हुचिलसहित पक्राउ परेका दुवै जनामाथि जिल्ला अदालत गोरखामा अवैध वन्यजन्तुको आखेटोपसार ओसारपसार मुद्दा दर्ता गरी अनुसन्धान अघि बढाइएको वनअधिकृत गायकले जानकारी दिनुभयो।

# सृजना मा.वि.मा चित्रकला प्रतियोगिता

**पोखरापत्र संवाददाता**
पोखरा, ३० जेठ



पो.म.न.पा वडा नं. ८ मा अवस्थित सृजना आवासीय माध्यमिक विद्यालयको अतिरिक्त क्रियाकलाप अन्तर्गत यही जेठ २६ गते शुक्रबारका दिन विद्यालयको आयोजना तथा युवा रेडक्रस सर्कल, सृजना आ.मा.वि.को व्यवस्थापनमा कक्षा १ देखि १० सम्मका विद्यार्थीहरू बिच चित्रकला प्रतियोगिता सम्पन्न भएको छ।

उक्त प्रतियोगितामा माध्यमिक तह (कक्षा ९ र १०) बाट प्रनिशा दाहाल, सोनिया सुवेदी, ललिता पौडेल र रोनिस्का श्रेष्ठले क्रमशः प्रथम, द्वितीय, तृतीय र सान्तवना स्थान हासिल गर्न सफल भएका छन्। त्यसैगरी (कक्षा ६ देखि ८ सम्म) प्रतिक्षा श्रेष्ठ, कृष बानिया, स्मृती लम्साल र मोहित घतानेले क्रमशः प्रथम, द्वितीय, तृतीय र सान्तवना स्थान हासिल गरेका छन् र (कक्षा ४ र ५) अन्तर्गत अक्क्षतमान गुबाजु, प्रेक्षा राई, निश्चिल पोखेल र आर्जन पौडेलले क्रमशः प्रथम, द्वितीय, तृतीय र सान्तवना स्थान हासिल गरेका छन्।

उक्त प्रतियोगितामा कक्षा १ देखि ३ सम्मका सहभागी विद्यार्थीहरुको प्रतिभालाई कक्षागत रूपमा मूल्याङ्कन गरी विजेता घोषित गरिएको कुरा विद्यालयकी मिडिया इन्चार्ज सुजता थापाले बताइन्।

# झोलुङ्गो पुलले फेरियो दैनिकी

**रासस**
बागलुङ, ३० जेठ

पश्चिम बागलुङको व्यापारिक केन्द्र बुर्तिबाङ बजार नजिकै एउटा अग्लो र लामो झोलुङ्गो पुल बनेको छ। त्यो पुलमा वारपार गर्ने स्थानीयभन्दा फोटो, भिडियो खिच्ने र रमाउने सङ्ख्या धेरै देखिन्छ।

तमानखोलामाथि बिसमर र घौँसाखानी गाउँलाई जोड्ने गरी निर्माण भएको यो पुल अहिले आन्तरिक पर्यटकको आकर्षणको केन्द्र बनेको छ। पुलमा दैनिक दुई सय बढी आन्तरिक पर्यटकले वारपार गर्ने गरेका छन्। स्थानीयले घाँस, दाउरा ल्याउन र बारीमा काम गर्न वारपारका लागि निर्माण गरिएको पुलमा पर्यटकको घुइँचो लाग्न थालेपछि स्थानीय पनि हर्षित बनेका छन्।

बुर्तिबाङ-बोङ्गादोभान सडकखण्डको माथिपट्टि निर्माण भएको पुलले यात्रुलाई समेत आकर्षित गर्ने गरेको छ। गत वर्षसम्म वारपार गर्दा सास्ती भोग्दै आएका स्थानीयलाई यो पुल वरदान सावित भएको छ। वारि गाउँ र पारि खेतीयोग्य जमिन हुँदा स्थानीय वारपारमा निकै समस्या थियो। गत पुसमा निर्माण सुरु भएको पुल दुई महिनामै सम्पन्न भई चैतदेखि सञ्चालनमा आएको हो। पुल दुई सय ४३ मिटर लामो छ। पुल नबन्दा खोला वारपार गर्न करिब एक घण्टा लाग्ने गरेकामा अहिले तीन मिनेटमै आउजाउ गर्न सकिन्छ। पुल निर्माणपछि ढोरपाटन नगरपालिका-३ को पुर्कोट, घौँसाखानी, सामा, बिसमरलगायतका गाउँका हजारौँ नागरिकलाई सहज भएको छ।

आफ्नो बारी खोलापारि र घरवारिपट्टि हुँदा काम गर्न जाँदा पनि धेरै समय लगाउनुपर्ने बाध्यता पुल निर्माण भएपछि टरेको स्थानीय तिलकुमारी कुँवरले बताउनुभयो। हिउँदको समय जसोतसो खोला वारपार गरेर काम गरे पनि बर्खामा निकै समस्या भोग्दै आएको यस वर्षदेखि सहज हुने सुनाउनुभयो। पुलले गाउँलेको दैनिकी नै फेरिएको उहाँको भनाइ छ।

"बर्खामा खोला उर्लिएर आउँछ, पारि बारीमा पुग्न धेरै समस्या थियो, वारि गाउँदेखि पारि गाउँ पुग्न बुर्तिबाङ बजारबाट चुरेलाबास हुँदै बारीमा पुग्नुपर्थ्यो, घर र बारी नजिकै भए पनि बीचमा खोला हुँदा धेरै अवरोध भएको थियो। भनेको बेलामा बारीमा पुग्न सकिँदैनथ्यो", उहाँले भन्नुभयो, "यहाँ पुल बनेपछि त हामी धेरै खुसी भएका छौँ, हाम्रो आधा समस्या समाधान भएको छ, अब त बारीमा तरकारी फलाएर उत्तिखेरै टिपेर ल्याउन सकिन्छ, पहिले त बारीबाट तरकारी लिएर आउन झन्डै दुई घन्टा लाग्ने गर्थ्यो।"

स्थानीय कुलबहादुर नेपालीले अब खोला तर्दा कसैले ज्यान गुमाउन नपर्ने बताउनुभयो। उहाँले पहिले खोला वारपार गर्दा धेरैले ज्यान गुमाएको स्मरण गर्नुभयो। बुर्तिबाङ बजार नजिकै भए पनि यहाँ लामो समयसम्म पुल नबन्दा आफूहरूले खेतीपाती गरेर जीवन निर्वाह गर्नसमेत गाह्रो भएको उहाँले बताउनुभयो।

स्थानीय नेपालीले भन्नुभयो, "पुल निकै छिटो बन्यो, हिउँदमा बाँसको फड्के बनाएर खोला तर्ने गर्थ्यौँ, त्यही फड्केबाट लडेर कतिले ज्यान गुमाए, फड्के नहुँदा भारीसँगै खोला तर्‍यौँ, नेताहरूलाई धेरै पटक यहाँ पुल बनाउनका लागि आग्रह गरेका थियौँ सुनेनन्, बल्ल पुसमा बजेट परेछ र अहिले पुल बन्यो, अब वारिपारि गर्न खोला तर्नुपर्ने छैन, पुल निकै लामो छ, त्यही भएर होला अहिले पुलमा धेरै मान्छे आउँछन्।"

# सगरमाथा आरोहण: ठूला विपद्बिनै १७ जनाको मृत्यु

**–सिबी अधिकारी**
काठमाडौं, ३० जेठ

सन् २०२३ को वसन्त ऋतुमा विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहणमा जसरी सर्वाधिक आरोहणको इतिहास रचियो त्यसैगरी केही दुःखद् घटनाको पनि सामना गर्नुपर्‍यो।

यस यामको सगरमाथा आरोहणमा ठूला विपद्बिना नै १७ जनाको मृत्युभयो। पर्यटन विभागका अनुसार मे २६ तारिखसम्म सगरमाथा आरोहणका क्रममा सात नेपाली र १० विदेशीसहित १७ जनाको मृत्यु भयो। नेपाल, भारत, चीन, मलेसिया, सिङ्गापुर, अष्ट्रेलिया, अमेरिका, क्यानाडा र हङ्गेरी गरी नौ देशका नागरिकको सगरमाथा आरोहणका क्रममा मृत्यु भएको हो। यस वर्षको सगरमाथा आरोहणमा प्रतिकूल मौसम अर्थात् बढी चिसो भएकाले पनि धेरै सङ्ख्यामा आरोहीको मृत्यु भएको २८ पटक सगरमाथाको आरोहण गरेर विश्वकीर्तिमान कायम गर्नुभएका कीर्तिमानी आरोही कामीरिता शेर्पाले बताउनुभयो। "यसपाली चिसो बढी थियो, मौसमले पनि साथ दिएन, कतिपय दक्ष र अनुभवी गाइड पर्याप्त नभएकाले पनि मृत्यु बढेको हुनसक्छ", उहाँले भन्नुभयो।

विभागको पर्वतारोहण शाखाका निर्देशक युवराज खतिवडाका अनुसार प्रतिकूल मौसमका कारण यो वर्ष धेरै सङ्ख्यामा आरोहीको दुःखद् मृत्यु भएको छ। "यो पटक मौसमकै कारण धेरै आरोहीको मृत्यु भएको हो, मौसम सफा भयो भनेर आरोही अघि बढे बिचमा मौसम छिटोछिटो परिवर्तन भयो। यसपटक मौसम प्रतिकूलताका कारण नै धेरैको मृत्यु भएको छ", उहाँले भन्नुभयो। यस याममा आरोहीको सङ्ख्या बढी भएको भनी प्रचारमा आएको विषय सत्य नरहेको भन्दै निर्देशक खतिवडाले मौसमले साथ नदिएकाले आरोहीको भिड बढेको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो,"विदेशी सञ्चार माध्यमले आलोचना गरिरहेका छन् धेरै आरोहीलाई अनुमति दिइयो भनेर तर हामी (पर्यटन विभाग) त्यसलाई स्वीकार गर्दैनौँ।" निर्देशक खतिवडाले ३० दिनका लागि कूल चार सय ७८ आरोहीलाई आरोहण अनुमति दिइएको र औसतमा दैनिक १६ जनाको आरोहण हुने अनुमानसहित आरोहण अनुमति दिइएकाले आरोहीको सङ्ख्या बढी भनेर आलोचना गर्नुको तुक नरहेको बताउनुभयो। चुचुरोसम्म बाटो बनाउने आइसफल डाक्टर पनि अनुकूल मौसमको पर्खाइमा आधार शिविरमा छन्। मौसमले साथ दिएमा छिट्टै उनीहरूले सगरमाथाको चुचुरोसम्म डोरी टाँगेर आरोहण सुरु भएको सन्देश दिने इमाजिन नेपालका कार्यकारी निर्देशक दावा ग्याल्जेन शेर्पाले राससलाई जानकारी दिनुभयो। धेरै सङ्ख्यामा आरोहीलाई अनुमति दिइएकाले सगरमाथामा मृत्यु पनि बढेको र आरोहीको जाम लागेको भन्ने विदेशी सञ्चारमाध्यमका कुरा सत्य नभएको बरु प्रतिकुल मौसमका कारण केही दिन आरोहीहरूले एकै समयमा बढी भिडभाड गरेकाले धेरै सङ्ख्यामा मानवीय क्षति भएको नेपाल पर्वतारोहण सङ्घका पूर्वअध्यक्ष आङछिरिङ शेर्पाको भनाइ थियो। "यस यामको सगरमाथा आरोहणमा मौसमका कारणले धेरै मृत्युदर बढेको देखिन्छ। कुनै आकस्मिक र ठूलो विपद् त हैन मौसमकै कारणले धेरै मानवीय क्षति भयो।" विभागका अनुसार सामान्यतयः अप्रिल अन्तिमसम्म 'रोप फिक्सिङ'को काम सकिन्छ। मे महिनाभरी आरोहण चल्छ। यो सङ्ख्या सगरमाथामा भएका ठूला विपद्पछिको सबैभन्दा धेरै हो। यसअघि सन् २०१५ (विस २०७२ वैशाख १२ गते) आएको गोरखा महाभूकम्पका कारण १९ जनाको मृत्यु भएको थियो।

त्यसअघि सन् २०१४ मा खुम्बु आइसफलमा गएको हिमपहिरोमा परी १६ जनाको मृत्यु भएको थियो। मौसम प्रतिकूलताका साथै हाईअल्टिच्यूटका कारण पनि यो वर्ष धेरै आरोहीको मृत्यु भएको इमाजिन नेपालका कार्यकारी निर्देशक दाबा ग्याल्जेन शेर्पाले बताउनुभयो।

कुन मितिमा कुन-कुन देशका आरोहीको मृत्यु

सगरमाथा आरोहणको बाटो खुलाउने क्रममा : अप्रिल १२ तारिखका दिन खुम्बु क्षेत्रमा तीन शेर्पा बेपत्ता भएका थिए। पर्यटन विभागका अनुसार खुम्बु पासाङल्हामु गाउँपालिका-५ निवासी दाछिरी शेर्पा, पेम्बा तेन्जिङ शेर्पा र लाक्पा रीता शेर्पा हिउँको ढिस्कोले पुरिएर बेपत्ता भएका हुन्। उनीहरू इमाजिन नेपाल ट्रेक्सबाट खटिएका थिए। सगरमाथाको चुचुरोसम्म डोरी टाँग्ने (रोप फिक्सिङ) को सामान लैजानेक्रममा उनीहरू हिउँको ढिस्कोमा बेपत्ता भएका थिए। सन् २०२३ को वसन्त ऋतुमा सगरमाथा हिमालको दोस्रो शिविरदेखि चुचुरोसम्म 'रोप फिक्सिङ' गर्न पर्यटन विभागबाट पर्वतारोहण सञ्चालक सङ्घलाई जिम्मेवारी दिइएको थियो। सो कामको जिम्मा पाएको इमाजिन नेपाल ट्रेक प्रालिका तर्फबाट दावा ग्याल्जे शेर्पाको नेतृत्वमा एक फोटोग्राफरसहित नौ शेर्पाले 'रोप फिक्सिङ' गरेका थिए।

मृतकमध्ये तीन नेपाली र तीन विदेशीसहित छ जनाको सगरमाथा आरोहपछि मृत्यु भएको थियो भने बाँकी ११ जनाको आरोहणका क्रममा मृत्यु भएको थियो। ह्याप्पी फिट कम्पनीबाट आरोहणमा जानुभएका नेपाली आरोही रञ्जित कुमार झाको २५ तारिखका दिन मृत्यु भएको थियो। एक्सिपीडिसन हिमालयबाट जानुभएका लाक्पा नोर्बु शेर्पाको पनि सोही दिन मृत्यु भएको थियो। त्यस्तै पिक प्रमोसन कम्पनीबाट आरोहणमा जानुभएका फुर्बा शेर्पाको मे १६ तारिखका दिन मृत्यु भएको थियो। त्यसैगरी विदेशी नागरिक क्रमशः मलेसियाका एज आकासान्दर विन अम्पुअन याक्कुवको मे १९ मा, सोही दिन सिङ्गापुरका श्रीनिवास सान्स दत्त र अष्ट्रेलियाका जासोन्ब बर्नाड लेलिन्सोनको मे १९मा मृत्यु भएको थियो। उहाँहरू क्रमशः पायोनियर एक्सिपीडिसन सेभेन समिट ट्रेक्स र एसियन ट्रेकबाट आरोहणमा जानुभएको थियो।

त्यस्तै भारतका सुबान्ने लियोपोल्डिएनोको मे १८मा लुक्लामा मृत्यु भएको थियो। उहाँ ग्लेसियर ट्रेकिङ कम्पनीबाट आरोहणमा जानुभएको थियो। त्यस्तै एटके एक्सिपीडिसनबाट आरोहाणमा जानुभएका चिनियाँ नागरिक जुएविन चेनको मे १८ मा सगरमाथाको साउथ समिटमा मृत्यु भएको थियो। त्यसैगरी मे १मा सगरमाथाको दोस्रो शिविरमा अमेरिकी नागरिक जोन थान सुगरम्यानको मृत्यु भएको थियो। उहाँ इमेज कम्पनीबाट आरोहणमा जानुभएको थियो।

अप्रिल १२ का दिन इमाजिन नेपालबाट जानुभएका लाक्पा रीता शेर्पाको खुम्बु आइसफलमा मृत्यु भएको थियो। मे २१ तारिखमा पिक प्रमोसन कम्पनीबाट आरोहणमा जानुभएका आङकामी शेपाको सगरमाथाको दोस्रो शिविरमा मृत्यु भएको थियो। क्यानेडियन नागरिक एस पेटरुस अल्वर्टयनको मे २५मा सगरमाथाको तेस्रो शिविरमाथि मृत्यु भएको थियो। उहाँ हिमालयन गाईड कम्पनीबाट आरोहणमा जानुभएको थियो। सेभेन समिट ट्रेक्सबाट जानुभएका हङ्गेरीका स्जीलार्ड सुहाजडाको हिलारी स्टेपमा मे २४मा मृत्यु भएको थियो।

यस यामको सगरमाथा आरोहण गत वैशाख ३० गते देखि सुरु भएको थियो। झण्डै जेठको तेस्रो सातासम्म आरोहण भएको थियो। सगरमाथाको दोस्रो शिविरसम्म सगरमाथा प्रदूषण नियन्त्रण समिति (एसपिसिसी)ले बाटो बनाएको थियो। सङ्घका पूर्वअध्यक्ष शेर्पाका अनुसार सन् २०१४ को हिमपहिरो र सन् २०१५ को महाभूकम्पछि यसवर्ष सबैभन्दा धेरै आरोहीको मृत्यु भएको हो। यकिन तथ्याङ्क नभए पनि सन् १९५३ देखि हालसम्म तीन सय २८ जनाको मृत्यु भएको बताइन्छ। हालसम्म झण्डै आठ हजारले सगरमाथा आरोहण गरिसकेका छन्। व्यक्तिगतरूपमा मात्रै एघार हजार हाराहारी आरोहीले सगरमाथा चढेको उहाँले जानकारी दिनुभयो। यो याममा सगरमाथाको चौँथो शिवविरसम्म बाटो खोलिसकेपछि उच्च हिमाली क्षेत्रमा लामो समयसम्म चलेको चर्को हावा र खराब मौसमका कारण सगरमाथाको चुचुरोसम्म 'रोप फिक्सिङ' गरी बाटो खोल्ने काममा केही ढिला भएको विभागले जनाएको छ। मौसम बिग्रिएकाले झण्डै दुईसाता ढिलोगरी आरोहण सुरु भएको थियो। सगरमाथा क्षेत्रमा प्रतिघण्टा ३५ देखि ४० किलोमिटर हावाको बेग चलेकाले आरोहणमा कठिनाइ भएको थियो। सगरमाथा आरोहणको ७० वर्षे इतिहासमा यस वर्ष हालसम्मकै सर्वाधिक बढी आरोहीले अनुमति लिएका थिए। पर्यटन विभागका अनुसार यस याममा ४७ आरोही समूहका चार सय ७८ आरोहीले आरोहण अनुमति लिएकामा शेर्पा सहयोगीसहित ६०० हाराहारीले सगरमाथा आरोहण गरेका थिए। नेपालसहित ६५ देशका नागरिकले अनुमति लिएका थिए।

सन् १९५३ मे २९ तारिखका दिन दुई साहसी पर्वतारोही नेपाली तेञ्जिङ नोर्गे शेर्पा र न्यूजिल्याण्डका सर एड्मन्ड हिलारी सगरमाथाको चुचुरोमा पुग्नुभएको थियो। सगरमाथा चढ्ने होडबाजीका साथै आरोहीहरूले नयाँ-नयाँ कीर्तिमानसमेत थप्दै आएका छन्।

कामीरिता शेर्पाले २८ पटक सगरमाथा आरोहण गरी विश्व कीर्तिमान बनाउनुभएको छ। उहाँले वसन्त ऋतुको आरोहणमा सगरमाथाको दुई पटक क्रमशः जेठ ३ गते र जेठ ९ गते सगरमाथाको चुचुरोमा पुगेर आफ्नै कीर्तिमान तोड्नुभएको थियो। यस्तै पासाङ दावा शेर्पाले यही यामसम्ममा सगरमाथाको २७ पटक आरोहण गरी कीर्तिमान कायम गर्नुभएको छ। उहाँले यही याममा दुई पटक आरोहण गरी नयाँ रेकर्ड दर्ता गराउनुभएको हो। दुबै खुट्टा नभएका पूर्वब्रिटिस गोर्खा सैनिक हरि बुढामगरले यसै याममा सगरमाथाको सफल आरोहण गरेर विश्व कीर्तिमान बनाउनुभएको छ। गत जेठ ५ गते सगरमाथाको चुचुरोमा पुगेर बुढामगरले कीर्तिमान बनाउनुभएको हो।